राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 21, Issue 1 No. 137 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Ashoj 2078 (September-October 2021)

## टेलिकमले महिनाभर असीमित प्रयोग गर्न सकिने इन्टरनेट प्याक ल्याउने







नेपाल टेलिकमले प्रदान गरिरहेका सेवा सुविधा तथा कम्पनीको वार्षिक कार्यक्रम सम्बन्धमा पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिएको छ । सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले दुई वर्षको अवधिमा कम्पनीद्वारा प्रदान गरिएका सेवाहरुमध्ये भ्वाइस सेवामा ५० प्रतिशत र डाटा सेवामा उल्लेखनिय रुपमा सेवा शुल्क घटाइएको जानकारी दिनुभयो ।

नेपाल टेलिकमद्वारा गत भदौ २१ गते आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले सो तथ्य सार्वजनिक गर्नुभएको हो । एक तथ्यांकका अनुसार सन् २०१७ मा टेलिकमको ६० मिनेटको भ्वाइस सेवा लिंदा लाग्ने औसत खर्च करिब ४० रुपैयाँ थियो । अहिले टेलिकमको नेटवर्क प्रयोग गरी ६० मिनेट भ्वाइस सेवा खपत गर्दा औसत लागत १८ रुपैयाँ मात्र पर्दछ । सो अवसरमा उहाँले कम्पनीले छिट्टै सस्तो र महिनाभर नै अनलिमिटेड प्रयोग गर्न सकिने डाटा प्याक ल्याउने तयारी भइरहेको जानकारी पनि दिनुभयो ।

कोभिड १९ र लकडाउनका कारण लामो समयदेखि हुन नसकेको सञ्चारकमीहरुसँगको प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम लकडाउन हटेपछि स्वास्थ्य मापदण्डको पालना गरी सम्पन्न गरिएको हो ।

कम्पनीका निर्देशकहरु, आयोजना प्रमुखहरुका साथै उच्चपदस्थ कर्मचारीहरुको सहभागिता रहेको उक्त पत्रकार भेटघाट कार्यक्रममा कम्पनीका प्रवक्ता राजेश जोशीले कम्पनीका सेवा सुविधा तथा कम्पनीको वार्षिक कार्यक्रम सम्बन्धमा प्रेस तथा पत्रकारिता क्षेत्रको जिज्ञासालाई ध्यानमा राखी प्रस्तुतिकरण गर्नुभएको थियो । उहाँले अत्याधुनिक सुविधासहितको भीओएलटीई सेवाका प्रयोगकर्ता ५ लाख ५० हजार नाघेको र फोरजीका प्रयोगकर्ता ४७ लाखभन्दा बढी रहेको जानकारी दिनुभयो । सो कार्यक्रममा कम्पनीका विभिन्न सेवा तथा सूचकहरुको विवरण सार्वजनिक गरिएको थियो ।

*(बाँकी २ पेजमा)*

## विकट स्थानका लागि वरदान बनेको भीस्याट नेटवर्क



नेपाल टेलिकमले देशका विभिन्न विकट तथा दुर्गम स्थानका ग्राहकहरु समक्ष टेलिफोन, मोबाइल तथा डाटा सेवा पुऱ्याउनका लागि भीस्याट प्रविधिको पनि प्रयोग गरिरहेको छ । हाल प्रयोगमा रहेको भीस्याट चीनको ताइजी कम्प्युटर्स कर्पोरेसनसँग सन् २०१८ अगस्त ३ मा भएको सम्झौता अनुसार क्यानडाको UHP VSAT Network कम्पनीले निर्माण गरेको हो । नेपाल टेलिकमले यो भन्दा पहिला DVB-S GILAT VSAT नेटवर्क र SCPC DSAT नेटवर्क भएको भीस्याट नेटवर्क प्रयोगमा रहेको थियो ।

नयाँ सझौता अनुसार जीएसएम, सीडीएमए, पीएसटीएन, आईएमएस ब्याकहल लिंकका लागि एनएमएस सिस्टम सहितको ९ मिटर हब एन्टेना भएको भीस्याट टर्मिनल सहितको स्टार आर्किटेक्चरमा आधारित आईपी नेटवर्क स्थापना भएको छ । यो परियोजनामा आईपीमा आधारित IDU (Indoor Device Unit) भएको टेलिसेन्टर तथा मोबाइल ब्याकहलका लागि भीस्याट टर्मिनल उपकरण रहेका छन् । यसमा ४ देखि ८ वटासम्म टेलिफोन

*(बाँकी २ पेजमा)*

## सीडीएमएबाट जीएसएममा रुपान्तरण हुने ग्राहकलाई आकर्षक सुविधा

नेपाल टेलिकमले हाल प्रयोगमा रहेका सीडीएमए सेवाका प्रयोगकर्ताहरुलाई जीएसएम नेटवर्कमा रुपान्तरण गर्ने योजना अन्तर्गत सीडीएमए प्रिपेड र सीडीएमए पोस्टपेड प्रयोगकर्ताका लागि नि:शुल्क सिमका साथै नि:शुल्क भ्वाइस, नि:शुल्क डाटा प्याकेज र नि:शुल्क एसएमएस सुविधा उपलब्ध गराउने भएको छ । यसका लागि सीडीएमए प्रयोगकर्ताले नेपाल टेलिकमको नजिकको कार्यालयमा गएर आफ्नो पुरानो रिमकार्ड (RUIM Card) बुझाई नयाँ जीएसएम (पोस्टपेड र प्रिपेड) नम्बर उपलब्ध गराइने छ । यसैगरी सीडीएमए फिक्स्ड (पोस्टपेड र प्रिपेड) का लागि नयाँ जीएसएम पोस्टपेड नम्बर प्राप्त गर्नुपर्दछ ।

सीडीएमए प्रिपेडबाट जीएसएम प्रिपेडमा रुपान्तरण भएका मोबाइल ग्राहकहरुले ६ महिनासम्म नि:शुल्क रुपमा मासिक ३०० मिनेट अन नेट (नेपाल टेलिकमको नेटवर्कमा प्रयोग गर्न सकिने) भ्वाइस कल गर्न, ४ जीबी डाटा चलाउन र ३०० वटा अन नेट एसएमएस पठाउन सक्नेछन् । त्यसैगरी जीएसएम पोस्टपेड मोबाइलमा रुपान्तरण हुने ग्राहकले निशुल्क रुपमा मासिक ४०० मिनेट अन नेट र ५० मिनेट अफ नेट (अन्य नेटवर्कमा समेत प्रयोग गर्न सकिने) भ्वाइस कल गर्न, ६ जीबी डाटा चलाउन र २०० वटा अन नेट एसएमएस गर्न सक्नेछन् । आगामी पुस महिनासम्ममा जीएसएममा रुपान्तरण हुने सीडीएमए पोस्टपेड ग्राहकहरुलाई मासिक रेन्टल शुल्क छुट दिइएको छ ।

# टेलिकमले महिनाभर ....

(१ पेजको बाँकी)

**5G**

हाल सञ्चालित फोरजीको आयोजना सम्पन्न भएपश्चात मुलुकका ४ स्थानमा फाइभजीको परीक्षण सञ्चालन गरिने छ र फाइभजी परीक्षण सञ्चालनका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा मिति २०७८।२।१६ मा अनुरोध पत्र पठाइसकिएको छ ।

**4G**

कोरतर्फ मुलुकभर फोरजी सेवा विस्तारका लागि जम्मा ४,१८६ मध्ये ३,५४४ टावरहरु अनएयर भइसकेको र नेटवर्क- I र II तर्फ ६,७३२ लजिकल साइटमध्ये ५,९४३ साइटहरु अनएयर भइसकेका छन् । २०७८ जेठ ३ देखि VoLTE को परीक्षण सञ्चालन भइरहेको छ ।

**FTTH**

हालसम्म ११ लाख ७४ हजार घरधुरीका लागि डिजिटल म्यापिङ कार्य सम्पन्न भएको छ भने ५ लाख ६४ हजारका लागि नेटवर्क जडान कार्य सम्पन्न गरिएको छ । हालसम्म १ लाख ८० हजार ग्राहकलाई सो सेवा वितरण गरिएको छ । साथै, ५५ जिल्लाका १०८ स्थानीय तहका १३५ स्थानमा सेवाको पहुँच स्थापित भएको छ ।

## मध्यपहाडी लोकमार्ग आयोजना

पाँचथरको चियोभञ्ज्याङदेखि गोरखाको आरुघाटसम्म अप्टिकल फाइबर बिछ्याउने योजना अन्तर्गत हालसम्म १,३०७.८४ किलोमिटर बिछ्याइएको छ भने रुकुमको मुसिकोटदेखि बैतडीको झुलाघाटसम्म अप्टिकल फाइबर बिछ्याउने योजनाको एलओआई (LOI) जारी हुने क्रममा रहेको छ ।

## गत वर्षका प्रमुख उपलब्धिहरु

गत वर्ष ९२ प्रतिशत स्थानीय निकायमा फोरजी सेवाको पहुँच स्थापित भएको छ । जेठ महिनामा VoLTE सेवाको परीक्षण सञ्चालन शुरु गरिएको छ । मध्यपहाडी लोकमार्ग आयोजना (कर्णाली र सुदूरपश्चिम प्रदेश) का लागि खरिद प्रक्रिया तथा सम्झौता सम्पन्न गरी कार्यारम्भ गर्न लागिएको छ । अधिकृत स्तरसम्मका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्झौता गरिएको छ । साथै, मूल्यांकनलाई स्वचालित गर्ने प्रक्रियाको थालनी गरिएको छ ।

## चालु आ.व.का प्रमुख लक्ष्यहरु

फोरजी परियोजना र मध्यपहाडी लोकमार्ग योजना अधिकांश रुपमा सम्पन्न गरिनेछ । 5G को परीक्षण गर्नुका साथै स्थानीय टेलिफोन तथा एडीएसएललाई फाइबरमा रुपान्तरण गर्ने कार्य सम्पन्न गरिने छ । संस्थाका एकाईहरुको कार्यसम्पादनको अभिलेख राख्ने तथा मुल्यांकन गर्ने प्रक्रिया पूर्ण स्वचालित बनाइने छ । अधिकृत तहसम्मका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको कार्यलाई स्वचालित र व्यवस्थित बनाइने छ । नेटवर्क अपरेसन सेन्टर (NOC), बिजनेस इन्टेलिजेन्स (BI), डिलर म्यानेजमेन्ट सिस्टम (DMS) र जियोग्राफिक इन्फर्मेसन सिस्टम (GIS) जस्ता अत्याधुनिक प्रणाली लागु गरी कम्पनीको कार्यसम्पादन प्रभावकारी बनाइने छ । मोबाइल फाइनान्सियल सेवा सञ्चालनमा ल्याउने र राजस्व तथा मुनाफामा वृद्धि गर्ने लक्ष्य रहेको छ ।

## चालु आ.व.का मुख्य नीति तथा कार्यक्रमहरु

१. 5G को व्यावसायिक सञ्चालनको तयारी गर्ने ।
२. सबै स्थानीय निकायमा डिजिटल एजुकेसन, टेलिमेडिसिन र ई-गभर्नेन्सलाई सहयोग हुनेगरी पूर्वाधार निर्माण गर्ने ।
३. प्रदेश १, २, वागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा मध्यपहाडी लोकमार्ग अप्टिकल फाइबर नेटवर्क प्रविधिमार्फत सूचना महामार्ग निर्माणको आयोजना सम्पन्न गर्ने ।
४. दूरसञ्चार पूर्वाधार सहप्रयोगको नीति बनाई कार्यान्वयन गर्ने ।
५. डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनको लागि देशव्यापी ब्रोडब्याण्ड इन्टरनेट उपलब्ध गराउन पूर्वाधार निर्माण गर्ने ।
६. मोबाइल फाइनान्सियल सेवा सञ्चालन गर्ने ।
७. पेपरलेस अटोमोसनलाई लागु गरिने ।
८. विद्युतीय टपअपलाई प्राथमिकता दिइने ।
९. इन्टरनेट सेवालाई थप सर्वसुलभ बनाइने ।
१०. कम्पनीको व्यवस्थापन तथा सांगठनिक संरचना सुधारको लागि स्ट्राटेजिक म्यानेजमेन्टमा जाने ।

## कोरोना महामारीले परेको प्रभाव

कोरोना महामारी र लकडाउनका कारण समग्र सेवा प्रवाहमा नकारात्मक असर पर्नुका साथै आयोजनाहरुको कार्यान्वयनमा ढिलाई भएको छ । यसले गर्दा कर्मचारी व्यवस्थापन, राजस्व वृद्धि र खर्च कटौतीमा कठिनाई भएको, रिचार्जको बिक्रीमा कठिनाई पुग्नुका साथै कोरोना संक्रमणकै कारण ७ जना कर्मचारीको देहावसान समेत भएको छ । यस अवधिमा ग्राहकवर्गलाई सहज जीवनयापनका लागि कम्पनीले आफ्ना सेवाको महशुल दरमा कटौती गर्नुका अलावा ग्राहकलक्षित डाटा तथा भ्वाइस प्याकेजहरु, विद्यार्थीलक्षित E-Learning Package ल्याएको र जरिवाना छुटका साथै विभिन्न सहुलियतहरु प्रदान गरेको छ ।

# विकट स्थानका लागि ...

(१ पेजको बाँकी)

लाइन तथा न्यूनतम ६४ केबीपीएसको डाटा उपलब्ध हुनुका साथै आकस्मिक अवस्थामा १.२ मिटरको ट्रान्सपोर्टेबल एन्टेना सहितको स्याटेलाइट फ्लाई-अवे टर्मिनल (Fly-away Terminal) समेत खरिद गरिएको छ । यसमा भएको नयाँ DVB–S2X प्रविधिले उच्च गतिमा भरपर्दो र विश्वसनीय ब्यान्डविथ प्रसारण गर्न र प्राप्त गर्न सहयोग पुगेको छ ।

यो नयाँ यूएचपी नेटवर्क प्रयोग गरेर नेपाल टेलिकमले हालसम्म देशका ४४ स्थानमा मोबाइल सेवा, ४८ साइटमा टेलिसेन्टर सेवा र २ साइटमा ब्याकअप लिंक उपलब्ध गराइरहेको छ । देशका धेरै दुर्गम, ग्रामीण र उच्च धरातलीय क्षेत्रमा यी साइटहरु सञ्चालनमा रहेका छन् । सोलुखुम्बु जिल्लाको गोरक्षेप, गोर्खाको समागाउँ, प्रोक, ल्हो र छेकम्पार, डोल्पाको धो, साल्दाङ र तिन्जे तथा हुम्लाको लिमी जस्ता अति विकट स्थान लगायत अन्य स्थानमा यही यूएचपी भीस्याट नेटवर्क प्रयोग गरी सेवा उपलब्ध गराइएको छ ।

पहिले जडित स्याटेलाइट इक्विपमेन्ट पुरानो भएको साथै पछिल्लो समयमा विकसित भएको टेलिकम्युनिकेसन प्रविधिलाई आत्मसात गर्न नसकेको हुदाँ उच्च क्षमता सहितको प्रविधिले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता थियो । यही तथ्यलाई मनन गरी दुर्गम क्षेत्रहरुमा समेत हाई स्पिड सर्भिस उपलब्ध गराउनका लागि माइक्रोवेभ लिंक नपुगेका स्थानमा स्याटेलाइट नै एकमात्र विकल्प हो ।

नेपाल जस्तो भौगोलिक विकटता रहेको र ग्रामीण क्षेत्रका जनतालाई सञ्चार सुविधा उपलब्ध गराउन स्याटेलाइट कम्युनिकेसन टेक्नोलोजी निकै नै उपयोगी रहेको छ । आर्थिक रुपले महंगो प्रविधि भए तापनि भौगोलिक विकटताका कारण माइक्रोवेभ रेडियो लिंक स्थापना गर्न नसकिने स्थानमा नेपाल टेलिकमले सेवाग्राहीको हितका लागि यो प्रविधि प्रयोग गरिरहेको छ । यो प्रविधिले दुर्गममा रहेका स्थानीय जनताका साथै हाइड्रो परियोजना र होटलहरुका लागि प्रभावकारी सेवा प्रदान गरिरहेको छ ।

# नेपाल टेलिकमको समर अफर

नेपाल टेलिकमले ग्राहकहरुको सुविधालाई ध्यानमा राखी उपलब्ध गराइरहेको विभिन्न प्याकेज सहितको अफरलाई परिमार्जन गरी समर अफर (Summer Offer) अन्तर्गत थप सुविधा उपलब्ध गराएको छ । कम्पनीले पहिलेदेखि उपलब्ध गराइरहेको अधिकांश प्याकेजलाई निरन्तरता दिएको छ ।

नयाँ सुविधा अन्तर्गत अब प्रतिदिन रु. ५५ मा २ जीबी डाटा प्रयोग गर्न सकिने छ । त्यसैगरी लकडाउन अफरको रुपमा बिहान ५ बजेदेखि बेलुकी ५ बजेसम्म प्रतिदिन रु. ३९ मा उपलब्ध हुने १ एमबीपीएस डे टाइम अनलिमिटेड अफरलाई निरन्तरता दिइएको छ । लकडाउन अफर अन्तर्गतको “बोनस अन रिचार्ज” अफरलाई भने हटाइएको छ ।

नेपाल टेलिकमले सञ्चालनमा ल्याएको भीओएलटीई (VoLTE) सेवा प्रयोग गर्न चाहने ग्राहकका लागि एक पटकका लागि उपलब्ध हुने १०० मिनेट निःशुल्क भ्वाइस कल सुविधालाई यथावत राखिएको छ । उक्त सुविधा २८ दिनभित्र प्रयोग गर्न सकिन्छ ।

कम्पनीले उपलब्ध गराइरहेको कर्पोरेट युजर ग्रुप (सीयूजी-CUG) अफरलाई पनि थप आकर्षक बनाइएको छ । कम्पनीले पहिलेदेखि नै उपलब्ध गराइरहेको प्रिपेडतर्फ २०० र पोस्टपेडतर्फ ५०० रुपैयाँको प्याकेजमा उपलब्ध हुने डाटा भोल्युम थप गरिएको छ । अब प्रिपेडमा रु. २०० को प्याकेज अन्तर्गत सो ग्रुपमा पहिलेदेखि नै उपलब्ध अनलिमिटेड कल, १०० मिनेट अन नेट (नेपाल टेलिकमको नेटवर्कमा प्रयोग गर्न सकिने) र १० मिनेट अफ नेट (अन्य नेटवर्कमा समेत प्रयोग गर्न सकिने) भ्वाइस तथा ५० वटा अन नेट एसएमएस सुविधाका साथै जुनसुकै समय प्रयोग गर्न सकिने १ जीबी डाटासमेत उपलब्ध हुनेछ । त्यसैगरी सीयूजी ५०० पोस्टपेड अन्तर्गत पहिलेदेखि नै उपलब्ध अनलिमिटेड कल, ५०० मिनेट अन नेट र ५० मिनेट अफ नेट भ्वाइस तथा १०० वटा अन नेट एसएमएस र ३० वटा अफ नेट एसएमएस सुविधाका साथै जुनसुकै समयमा प्रयोग गर्न सकिने ५ जीबी डाटासमेत उपलब्ध हुनेछ ।

समर अफर अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्ने छ । कम्पनीको ‘नेपाल टेलिकम’ एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ ।

# प्रादेशिक निर्देशनालय कर्णाली गतिविधि

नेपाल टेलिकमको पुनर्संरचना पश्चात प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेश पूर्ण सञ्चालनको क्रममा रहेको छ। हाल नेपालगन्जमा अवस्थित निर्देशनालयलाई सुर्खेत स्थानान्तरण गर्ने कार्य प्रक्रियामा रहेको छ।

प्रादेशिक निर्देशनालयको कार्यालय सुर्खेतमा स्थानान्तरण गर्नका लागि सेल्टर बनाउने तथा पुरानो भवन मर्मत गर्ने कार्य अन्तिम चरणमा पुगेको छ र सम्भवत: आगामी कात्तिक महिनाभित्र सम्पूर्ण रुपले सञ्चालनमा आउने छ।

प्रादेशिक निर्देशनालय सुर्खेत अन्तर्गत हाल विभिन्न जिल्लालाई कपरलेस बनाउने कार्य चलिरहेको छ। तामाको तारबाट चलाउनु पर्ने पुरानो प्रविधिलाई विस्थापित गरी सबै टेलिफोन र इन्टरनेट अत्याधुनिक सुविधाहरुसहितको फाइबर प्रविधिबाट सञ्चालन गर्ने कार्य द्रुत गतिमा भइरहेको हो। यस क्रममा दैलेख जिल्लामा वितरित टेलिफोन र इन्टरनेट सेवा पूर्णत: फाइबरबाट सञ्चालित भइसकेका छन्। यो आर्थिक वर्षभित्र सुर्खेत र सल्यानमा एफटीटीएच जडान गरी कपरलेस बनाउने योजना अन्तर्गत कार्य अघि बढेको छ। सल्यान जिल्लालाई पनि कपरलेस बनाउने गरी तीव्रताका साथ कार्य भइरहेको छ।

रुकुमको खारादेखि जाजरकोटसम्म नयाँ माइक्रोवेभ जडान गरी ट्रान्समिसन अपग्रेड गरिएको छ। रानीमत्तादेखि भर्तासम्म उच्च क्षमताको रेडियो जडान गरी कालिकोटसम्मको रेडियो क्यापासिटी थप गरिएको छ। यसबाट हाल कालिकोटसम्म यदाकदा सेवामा देखिने समस्याको समाधान भएको छ। त्यसैगरी माईथप्ला हुँदै जुम्लासम्म सेवा विस्तार र स्तरोन्नति गर्ने कार्य धमाधम भइरहेको छ। यसबाट सो क्षेत्रमा मोबाइल सेवाको गुणस्तरमा पनि वृद्धि हुनेछ।

दैलेखदेखि कालिकोटको मान्मा हुँदै जुम्लासम्म हालै विद्युत प्रसारण लाइनको पहुँच उपलब्ध भएको हुँदा RTDF आयोजना अन्तर्गत मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने योजना (RTDF Project) अगाडि बढाउन सहयोग पुग्ने छ भने जुम्लासम्म एडीएसएस सेवा विस्तार गर्न सम्भव हुनेछ।

हुम्लाको रोडिकोट र श्रीमस्टा, जुम्लाको विराट, मर्फान, हाकु र गुठीचौर, कालिकोटको मालकोट र चिल्खाया, डोल्पाको कालिका र सर्मी तथा जाजरकोटको सेरी र नायकवाडामा टुजी सेवा सञ्चालनमा ल्याइएको छ।

निर्देशनालय अन्तर्गतका विभिन्न साइटहरुमा पावर अपग्रेड गरिएको छ। यसबाट सो क्षेत्रमा मोबाइल तथा अन्य सेवा सञ्चालनमा यदाकदा हुने अवरोधमा कमी आउने छ।

## वायरलेस सेवा निर्देशनालयबाट कर्णाली प्रदेशमा भएका कार्यहरू

१. 4G LTE आयोजना अन्तर्गत ६३ स्थानमा Ground Based Tower (GBT) निर्माणको कार्य भइरहेको छ।

२. हुम्ला जिल्लाको धारापुरीमा 4G सहितको सेवा संचालनको लागि हेलिकप्टरमार्फत ढुवानी गरी सोलार सिस्टम जडान कार्य सम्पन्न भएको र 4G LTE आयोजना अन्तर्गतको 25m GBT जडानको कार्य भइरहेको छ।

३. हुम्ला जिल्लाको श्रीमस्टा र रोडीकोट साइटमा हेलिकप्टरमार्फत ढुवानी गरी सोलार सिस्टम जडान भए पश्चात ब्याकबोन प्रसारण निर्देशनालयका प्राविधिकबाट VSAT प्रविधि प्रयोग गरी GSM सेवा सञ्चालन गरिएको।

४. हुम्ला जिल्लाको हिल्सा कोरिडोरमा 4G सहितको सेवा उपलब्ध गराउन हिल्सा (नाराकोलेक) मा सोलार सिस्टम जडानको कार्य अन्तिम चरणमा पुगेको छ।

५. हुम्ला जिल्लाका ८ स्थानमा माइक्रोवेभ रेडियोमार्फत जीएसएम सेवाको पहुँच विस्तार गर्न GBT निर्माणको कार्य भइरहेको छ। उक्त स्थानमा सेवा सञ्चालन पश्चात सो जिल्लाको अधिकांश स्थानीय तहमा भ्वाइस तथा डाटा सेवा उपलब्ध हुनेछ।

६. डोल्पा जिल्लाको सिमेनकोमाष र छार्काताङसोङ साइटमा हेलिकप्टरमार्फत ढुवानी गरी सोलार सिस्टम जडान कार्य सम्पन्न भएको। हाल ब्याकबोन प्रसारण निर्देशनालयका प्राविधिकबाट VSAT प्रविधि प्रयोग गरी जीएसएम सेवा सञ्चालनको तयारी भइरहेको छ।

७. फोरजी/एलटीई परियोजना अन्तर्गत जुम्ला जिल्लाका ४ स्थानमा फोरजी/एलटीई सहितको सेवा सञ्चालनको लागि GBT निर्माण तथा सोलार सिस्टम जडानको कार्य भइरहेको छ।

८. जुम्ला जिल्लाको थप ४ स्थानमा फोरजी/एलटीई सहितको सेवा सञ्चालनको लागि GBT निर्माण तथा सोलार सिस्टम जडानको कार्य भइरहेको छ। सो मध्ये विराट तथा गुठिचौरमा जीएसएम सेवा पोल टावर राखी सञ्चालन भइसकेको छ।

९. फोरजी/एलटीई परियोजना अन्तर्गत मुगु जिल्लाका ५ स्थानमा फोरजी/एलटीई सहितको सेवा सञ्चालनको लागि GBT निर्माण तथा सोलार सिस्टम जडानको कार्य भइरहेको छ।

१०. मुगु जिल्लामा भ्वाइस तथा डाटा सेवाको पहुँच विस्तारको लागि थप ७ स्थानमा GBT निर्माणको काम भइरहेको छ। मुगु जिल्लाको रुगामा GBT निर्माण पश्चात हाल सञ्चालनमा रहेको रिपिटरलाई स्थानान्तरण गरी मुगु जिल्लाको पश्चिममा रहेको मुर्माटप तथा पूर्वमा रहेको माङग्री, किम्रीलगायत स्थानहरुका लागि माइक्रोवेभ रेडियोमार्फत सेवा सञ्चालन गरिनेछ।

# कर्पोरेट युजर ग्रुप – सीयूजी सेवामा उपलब्ध अफरहरु

नेपाल टेलिकमको कर्पोरेट युजर ग्रुप - सीयूजी (Corporate User Group-CUG) सेवामा आबद्ध हुने ग्राहकहरुको संख्यामा वृद्धि हुने क्रम जारी रहेको छ। कुनै संस्था/कार्यालयमा आबद्ध न्यूनतम दशजना मोबाइल प्रयोगकर्ताहरुलाई CUG समूहमा आबद्ध गराउन सकिन्छ। CUG सेवामा आबद्ध सदस्यहरु बीच नि:शुल्क रुपमा अनलिमिटेड भ्वाइस कल गर्न, सस्तो दरमा डाटा चलाउन र एसएमएस पठाउन सकिन्छ भने CUG मा आबद्ध नभएका नेपाल टेलिकमको नेटवर्क भित्रका अन्य नम्बरमा कुराकानी गर्न सकिन्छ।

कर्पोरेट ग्रुपमा आबद्ध सदस्यहरुको आवश्यकतालाई दृष्टिगत गरी रु. २००, रु. ५००, रु. १००० र रु. १५०० दरका विभिन्न सीयूजी प्याकेजहरु उपलब्ध छन्।

कम्पनीले उपलब्ध गराईरहेको यस सेवामा प्रिपेड मोबाइलका ग्राहकले रु. २०० को प्याकेज अन्तर्गत सो ग्रुपमा पहिलेदेखि नै उपलब्ध अनलिमिटेड कल बाहेक १०० मिनेट अन नेट (नेपाल टेलिकमको नेटवर्कमा प्रयोग गर्न सकिने) र १० मिनेट अफ नेट (अन्य नेटवर्कमा समेत प्रयोग गर्न सकिने) भ्वाइस सुविधा तथा ५० वटा अन नेट एसएमएस सुविधाका साथै जुनसुकै समयमा प्रयोग गर्न सकिने १ जीबी डाटा सुविधासमेत थप उपलब्ध गरिएको छ।

त्यसैगरी पोस्टपेड मोबाइलका ग्राहकले रु. ५०० को प्याकेज लिएमा पहिलेदेखि नै उपलब्ध समूहभित्रको अनलिमिटेड कलका साथै ५०० मिनेट अन नेट र ५० मिनेट अफ नेट भ्वाइस सुविधा तथा १०० वटा अन नेट एसएमएस र ३० वटा अफ नेट एसएमएस सुविधाका साथै जुनसुकै समय प्रयोग गर्न सकिने ५ जीबी डाटा सुविधासमेत उपलब्ध हुनेछ।

यी दुई बाहेक पोस्टपेड मोबाइलका ग्राहकले रु. १००० र रु. १५०० का अन्य प्याकेज समेत प्रयोग गर्न सक्दछन्। रु. १००० को प्याकेज अन्तर्गत सीयूजी ग्रुपभन्दा बाहिर कम्पनीकै नेटवर्कमा बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म अनलिमिटेड कल वा मासिक जम्मा १००० मिनेट कल गर्न सकिन्छ भने अन्य नेटवर्कमा १०० मिनेट कल गर्न सकिन्छ। साथै यस प्याकेजमा १० जीबी डाटा चलाउन र २०० वटा एसएमएस पठाउन सकिन्छ।

यसैगरी रु. १५०० को प्याकेज अन्तर्गत सीयूजी ग्रुपभन्दा बाहिर कम्पनीकै नेटवर्कमा बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म अनलिमिटेड कल गर्ने सुविधा वा मासिक जम्मा १५०० मिनेट कल गर्न सकिने सेवा लिन सकिन्छ। यस प्याकेजमा अन्य नेटवर्कमा २०० मिनेट कलका अतिरिक्त २० जीबी डाटा चलाउन र ४०० वटा एसएमएस पठाउन सकिन्छ।

कुनै संस्था/कार्यालयले ग्रुपमा सहभागी गराउनु पर्ने मोबाइल नम्बर र प्राप्त गर्न चाहेको प्याकेज उल्लेख गरिएको पत्रसहित कम्पनीको ग्राहक सेवा केन्द्रमा सम्पर्क गर्नुपर्छ। न्यूनतम १० जना प्रिपेड/पोष्टपेड मोबाइल प्रयोगकर्ता समेटी आधिकारिक रुपमा कम्पनीलाई जानकारी गराएपछि तोकिएका ग्राहकलाई सीयूजी प्याकेज उपलब्ध गराइने छ।

कर्पोरेट युजर ग्रुपको बारेमा थप जानकारी लिनका लागि ०१-४२१०२४१ र ०१-४२१०२९१ मा सम्पर्क गर्न सकिन्छ। यसैगरी कम्पनीको वेबसाइटमा रहेको लिंक https://ntc.net.np/services/cug-service बाट पनि यस सम्बन्धी थप जानकारी प्राप्त गर्न सकिन्छ।

# प्रबन्ध निर्देशक र उच्च व्यवस्थापनका पदाधिकारीबीच कार्यसम्पादन सम्झौता
















कम्पनीका निर्धारित लक्ष्यहरु, योजनाहरु र अन्य नियमित कार्यहरु समयमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ कम्पनीका प्रबन्ध निर्देशक तथा उच्च व्यवस्थापनका पदाधिकारीहरुबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । गत भदौ १६ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक समारोहमा प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीसँग प्रमुख प्राविधिक अधिकृत भानुराज श्रेष्ठ, प्रमुख व्यावसायिक अधिकृत प्रतिभा वैद्य, प्रमुख मानव संशाधन अधिकृत सुरज सिंह थापा, प्रमुख वित्तीय अधिकृत राजेन्द्र अर्याल, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक अनन्तमान सिंह, वायरलेस सेवा निर्देशनालयका निर्देशक मिनु प्रधान र ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) परिचालन आयोजना प्रमुख विनिता श्रेष्ठले कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।

# एसईई विद्यार्थीहरूका लागि एसईई अफर

नेपाल टेलिकमले विगत वर्षहरुमा जस्तै यो वर्ष पनि एसईईका विद्यार्थीहरुका लागि एसईई अफर (SEE Offer) सहितको निःशुल्क सिम (SEE Student SIM) उपलब्ध गराउने भएको छ । उक्त सिम नेपाल टेलिकमका देशभरका कार्यालयहरुबाट निःशुल्क उपलब्ध हुनेछ । विद्यार्थीसँग पहिलेदेखि नै नेपाल टेलिकमको सिम छ भने सोही सिममा यी अफरहरु उपलब्ध गराउने व्यवस्था समेत गरिएको छ ।

नयाँ सिम प्राप्त गर्नका लागि विद्यार्थीहरुले कक्षा १० को कुनै मार्कसिटको फोटोकपी, एकप्रति फोटो र आफ्नो वा अभिभावकको नागरिकता वा अरु परिचय पत्रको फोटोकपी संलग्न गरी फारम भर्नु पर्नेछ । सिम लिइसकेपछि Student Registration Pack प्राप्त गर्नका लागि नयाँ मोबाइल नम्बरबाट *1600# मा डायल गरी प्राप्त निर्देशन बमोजिम सिम्बोल नम्बर र जन्म मिति (विक्रम सम्वत) उल्लेख गर्नुपर्दछ ।

उक्त Student Registration Pack बाट नेपाल टेलिकमको नेटवर्कभित्र दैनिक १० मिनेट कुराकानी गर्न र १० वटा एसएमएस पठाउन तथा १०० एमबी डाटा प्रयोग गर्न सकिने छ । यस अनुसार ३० दिनसम्म ३ हजार एमबी डाटा, ३०० मिनेट टकटाइम र ३०० वटा एसएमएसको सुविधा प्राप्त हुनेछ । उल्लिखित सुविधाहरु नेपाल टेलिकमको नेटवर्कमा मात्र लागु हुनेछ ।

यो अफर भएको नयाँ सिममा Bonus On Recharge Pack समेत उपलब्ध गराइएको छ । यस प्याकमा रु. ५० वा सोभन्दा बढी रकम रिचार्ज गर्दा प्रत्येक रिचार्जमा जुनसुकै समयमा पनि ५०० एमबी डाटा चलाउन, नेपाल टेलिकमकै नेटवर्क भित्र ५० मिनेट कल र ५० वटा एसएमएस पठाउन सकिने बोनस सुविधा समेत उपलब्ध हुनेछ । यो सुविधा ६ महिनासम्मको रिचार्जमा उपलब्ध हुनेछ । बोनसवापत यसरी प्राप्त हुने सुविधा ३ दिनभित्र प्रयोग गरिसक्नु पर्नेछ ।

विद्यार्थीहरुले पहिलेदेखि नै प्रयोग गरिरहेको नेपाल टेलिकमको मोबाइल नम्बरमा स्टुडेन्ट रजिष्ट्रेशन प्याक सुविधा उपयोग गर्नुपरेमा प्रयोग गरिरहेको मोबाइलबाट *1600# मा डायल गरी प्राप्त निर्देशन बमोजिम सिम्बोल नम्बर र जन्म मिति उल्लेख गर्नुपर्दछ । त्यसपछि नेपाल टेलिकमले प्राप्त सूचनाका आधारमा उक्त सिमलाई विद्यार्थी सिमका रुपमा रजिष्टर गर्दछ । Student Registration Pack र Bonus On Recharge Pack बाट प्राप्त हुने कल मिनेट, एसएमएस र डाटा सर्भिस रजिष्टर गरेको र रिचार्ज गरेको ३० मिनेट भित्रमा प्राप्त गर्न सकिनेछ ।

एसईईका विद्यार्थीहरुका लागि कम्पनीले निःशुल्क प्रदान गरेको वा पहिलेदेखि नै प्रयोगमा रही विद्यार्थी सिमको रुपमा रुपान्तरण गरिएको सिमकार्डमा आवश्यकताबमोजिम ई-शिक्षा प्याकेज पनि लिन सकिनेछ । यसअघि ई-शिक्षा प्याकेजमा प्रदान गरिएको बिहान ५ बजेदेखि बिहान १० बजेसम्म मात्र प्रयोग गर्न सकिने समयावधिलाई थप गरी अबदेखि बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म प्रयोग गर्न सकिने बनाइएकोछ ।

नयाँ सिम प्राप्त गरेका विद्यार्थीहरुले सिम कार्डमा मेन ब्यालेन्सको रुपमा उपलब्ध हुने १० रुपैयाँबाट जुनसुकै नेटवर्कमा कल गर्न, एसएमएस पठाउन वा डाटा चलाउन सक्नेछन् भने यो बाहेक ४० मिनेट टक टाइम र २० वटा एसएमएस सहितको सुविधा एक महिनाभित्र नेपाल टेलिकमको नेटवर्कमा प्रयोग गर्न सक्नेछन् । त्यसैगरी सोही अवधिमा ६० एमबी डाटा पनि चलाउन सकिनेछ । हाललाई एसईई अफर सहितको नयाँ सिम तीन महिनासम्म उपलब्ध हुनेछ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by:** Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Rajesh Joshi Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal